# प्रदेश नं. ५ स्वयम्सेवक परिचालन कार्यविधि, २०७५


प्रदेश सरकार

प्रदेश नं. ५

**सामाजिक विकास मन्त्रालय**

बुटवल, रूपन्देही

नेपाल

# प्रदेश नं. ५ स्वयम्सेवक परिचालन कार्यविधि, २०७५

प्रकाशक:

प्रदेश सरकार

प्रदेश नं. ५

## सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

फोन नं. :- ०७१-५५०६४६, ५५०६५०
Email :- info@mosd.p5.gov.np
Website :- www.mosd.p5.gov.np

# प्रदेश नं. ५ स्वयम्सेवक परिचालन कार्यविधि, २०७५

२०७५।०७।०७

राष्ट्रिय स्वयम्सेवक सेवा मार्फत प्रदेश नं. ५ भित्र स्वयम्सेवक परिचालन तथा स्वयम्सेवकको प्रबर्द्धन कार्यलाई अझ बढी प्रभावकारी रुपमा सञ्चालन गरी स्वयम्सेवकको माध्यमबाट राष्ट्रिय विकासमा योगदान पुऱ्याउन आवश्यक भएकोले प्रदेश नं. ५ प्रदेश सरकारबाट यो कार्यविधि बनाइ लागू गरिएको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "प्रदेश नं. स्वयम्सेवक परिचालन कार्यविधि, २०७५" रहेकोछ।

(२) यो कार्यविधि प्रदेश नं. ५ प्रदेश सरकारबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "कार्यविधि" भन्नाले स्वयम्सेवक परिचालन कार्यविधि, २०७५ लाई बुझाउँछ ।

(ख) "स्वयम्सेवा" भन्नाले परम्परागत रुपमा समाजमा विद्यमान रहेको तथा व्यावसायिक वा संगठित रुपले सञ्चालन भइरहेका स्वयम्सेवी कृयाकलापहरूलाई बुझाउँछ ।

(ग) "स्वयम्सेवक" भन्नाले स्वस्फूर्त रुपमा सुविधा लिई वा नलिई स्वयम्सेवी कृयाकलापमा संलग्न हुने व्यक्तिलाई जनाउँछ साथै, यस शब्दले यस कार्यविधि अनुरुप परिचालन गरिने स्वयम् सेवकलाई समेत जनाउँछ ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ र सो शब्दले जिल्ला सभालाई समेत जनाउँछ ।

(ङ) "शैक्षिक निकाय" भन्नाले प्राविधिक वा अप्राविधिक शैक्षिक ज्ञानदिने विद्यालय वा विश्व विद्यालयलाई जनाउँछ ।

(च) "संघ-संस्था" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारका सम्बन्धित निकायमा दर्ता भएका संगठित संस्थालाई जनाउँछ ।

(छ) "प्राविधिक सहयोग" भन्नाले स्वयम्सेवक परिचालन गरिने सरकारी, सामुदायिक, सहकारी, संघ-संस्था जस्ता निकायबाट सम्पादन गरिने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यबाट खटाइएका जनशक्तिलाई जनाउँछ ।

(ज) "सार्वजनिक सेवा" भन्नाले नेपाल सरकार वा पदेश सरकारले सार्वजनिक रुपमा उपभोग गर्ने गरी व्यवस्था गरेका सेवालाई बुझाउँछ ।

(झ) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय स्वयम् सेवक सेवाको कार्यक्रम सञ्चालन वा कार्यान्वयन सम्बन्धी निर्णय गर्न गठित समितिलाई बुझाउँछ ।

(ञ) "निर्देशक समिति" भन्नाले स्वयम् सेवा तथा राष्ट्रिय स्वयम् सेवक सेवा सम्बन्धी नीतिगत मार्गदर्शन गर्न गठित समितिलाई बुझाउँछ ।

(ट) "प्राविधिक स्वयम् सेवक" भन्नाले राष्ट्रिय स्वयम्सेवक सेवा अन्तर्गत परिचालित प्राविधिक क्षेत्रका स्वयम्सेवकलाई जनाउँछ।

## परिच्छेद—२

## स्वयमसेवक परिचालनको उद्देश्य तथा क्षेत्र

३. स्वयम्सेवक परिचालनका उद्देश्य तथा आधारहरूः

(१) राष्ट्रिय स्वयम्सेवक सेवाअन्तर्गत स्वयम्सेवक परिचालन गर्दा दक्ष व्यक्तिहरुलाई छोटो समयको रोजगारी दिने, विकास निर्माण वा सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्ने, गरिवी न्यूनीकरण गर्ने लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने र समुदायस्तरबाटै स्वयम्सेवी भावनाको प्रबर्द्धन गर्ने प्रमुख उद्देश्य रहनेछ ।

(२) राष्ट्रिय स्वयम्सेवक सेवाअन्तर्गत देहाय बमोजिमका विषय क्षेत्रहरूसँग सम्बन्धित जनशक्तिलाई स्वयम्सेवकको रुपमा परिचालन गरिनेछः-

(क) स्वास्थ्य, सामुदायिक शिक्षा, बाल, जेष्ठ नागरिक संरक्षण तथा सामाजिक सुरक्षा,

(ख) कृषि सेवा, पशु सेवा, वन र जडिबुटी,

(ग) वातावरण संरक्षण, प्राकृतिक प्रकोप तथा जोखिम व्यवस्थापन,

(घ) उद्यमशीलताको विकास, इन्जिनियरिङ तथा अन्य प्राविधिक क्षेत्रहरु,

(ङ) आवधिक, विषयगत तथा वार्षिक योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन,

(च) कानून तर्जुमा वा कानूनी राय सल्लाह वा यससम्बन्धी क्षमता विकास,

(छ) कार्यकारी समितिले तोकेका अन्य क्षेत्रहरु ।

(३) स्वयम्सेवक परिचालन गर्दा देहायबमोजिमका विषयहरुलाई प्रमुख आधारका रुपमा लिइनेछः-

(क) भौतिक संरचनाको प्राविधिक डिजाइन, सुपरीवेक्षण र सहजीकरण गर्ने,

(ख) राज्यको प्रशासनिक संगठनबाट आवश्यक मात्रामा जनतालाई अप्राविधिक वा प्राविधिक सेवा पुऱ्याउन नसकिएका क्षेत्रहरूमा सहजीकरण गर्ने,

(ग) जनताको जीवनस्तर उकास्नका लागि सरकारी स्तरबाट समेत लगानी भई वा नभई उत्पादन क्षेत्रमा कार्यरत सहकारी, संघ-संस्थाद्वारा संचालित कार्यक्रममा प्राविधिक सहयोग गर्ने,

(घ) राज्य वा समुदायद्वारा सामाजिक हितका लागि संचालित सामुदायिक सेवा कार्यक्रममा प्राविधिक सहयोग गर्ने,

(ङ) स्वयम्सेवक परिचालन गर्दा भूगोल, दुर्गमता तथा मानव विकास सूचकाङ्कको आधारमा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिने,

(च) समावेशी सिद्धान्त अवलम्बन गर्ने ।

(४) स्वयम्सेवक परिचालन गर्नका लागि सहकार्य गरिने निकाय देहायबमोजिम रहनेछन्:-

(क) संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरू,

(ख) सहकारी तथा सामुदायिक संघ-संस्थाहरू,

(ग) शैक्षिक निकायहरू,

(घ) विकास साझेदार/अन्तर्राष्ट्रिय संघ-संस्थाहरू ।

(५) प्रदेश नं. ५ प्रदेश सरकारका निकाय र संघ-संस्थाअन्तर्गत देहायबमोजिम स्वयम्सेवक परिचालन गरिनेछः-

(क) स्वयम्सेवक नियुक्त गरी प्रदेश सरकार अन्तर्गतका निर्देशनालय, डिभिजन एवम् अन्य कार्यालयहरू र जिल्ला समन्वय समितिको कार्यालय, गाउँपालिका, नगरपालिका/ उपमहमागरपालिका वा अन्तर्गत खटाइनेछ,

(ग) सहकार्य गर्न इच्छुक राष्ट्रिय स्वयम्सेवक सेवामा सूचीकृत संघ-संस्थाको माग एवम् सिफारिसका आधारमा स्वयम्सेवक परिचालन गर्न सकिनेछ,

(६) स्वयम्सेवक परिचालन गर्ने निकायहरूले देहायबमोजिमको जिम्मेवारी बहन गर्नुपर्नेछः-

(क) खटिई आएका स्वयम्सेवकहरूलाई तत्काल जिम्मेवारी दिई काममा लगाउने,

(ख) स्वयम्सेवकहरूको कार्य सम्पादनको मूल्याङ्कन र सुपरीवेक्षण गर्ने,

(ग) स्वयम्सेवकहरूले पाउने तोकिएबमोजिमका सेवा सुविधाहरू सरल र सहज रुपमा उपलब्ध गराउने,

(घ) खटिई आएका स्वयम्सेवकहरूलाई वृत्ति विकास, क्षमता विकास र व्यक्तित्व विकास सम्बन्धी स्थानीय स्तरमा उपलब्ध अवसरहरूमा सहभागी गराउने,

(ङ) स्वयम्सेवकहरूका पीरमर्का वा गुनासो सम्बोधन गर्ने ।

## परिच्छेद—३

## संस्थागत व्यवस्था

**५. निर्देशक समितिको गठनः**

(१) स्वयम्सेवा र स्वयम्सेवक परिचालन सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न देहायबमोजिमको निर्देशक समिति रहनेछः-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय - अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बैठक तथा प्रशासन) - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(ङ) महाशाखा प्रमुख (राष्ट्रिय स्वयम्सेवक हेर्ने) सामाजिका विकास मन्त्रालय - सदस्य—सचिव

(२) निर्देशक समितिको बैठकमा विभिन्न मन्त्रालय तथा निकायका प्रतिनिधि र विशेषज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) निर्देशक समितिको बैठकको सञ्चालन र व्यवस्थापन देहायबमोजिम हुनेछ;-

(क) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउनेछ,

(ख) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(ग) निर्देशक समितिले आफ्नो कार्यविधि आँफै तय गर्नेछ ।

६. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

(१) प्रदेश भित्र स्वयम्सेवाको समग्र विकास र प्रबर्द्धनका लागि सहजीकरण गर्ने सम्बन्धमा निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) स्वयम्सेवा सम्बन्धी प्रादेशिक नीति तर्जुमा गर्ने,

(ख) स्वयम्सेवकहरूको दरबन्दी र स्वयम्सेवकलाई दिइने सुविधाहरू निर्धारण गर्ने,

(ग) स्वयम्सेवक परिचालनका लागि आवश्यक पर्ने श्रोतको व्यवस्था गर्ने,

(घ) स्वयम्सेवा परिचालनका क्षेत्रगत पद तथा संख्या निर्धारणस्वीकृत कूल दरबन्दी भित्र रही दरवन्दीको बाँडफाँड गर्ने,

(ङ) स्वयम्सेवक परिचालन हुने निकाय वा कार्यालयहरूको निर्धारण गर्ने,

(च) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।

७. <u>कार्यकारी समितिको गठनः</u>

(१) राष्ट्रिय स्वयम्सेवकसेवाको कार्यक्रम सञ्चालनमा व्यवस्थापकीय निर्देशन एवम् निर्णय गर्न देहायबमोजिमको कार्यकारी समिति रहनेछः-

(क) सचिव, सामाजिक विकास मन्त्रालय - अध्यक्ष

(ख) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) महाशाखा प्रमुख (राष्ट्रिय स्वयम्सेवक सेवा हेर्ने) सामाजिक विकास मन्त्रालय - सदस्य-सचिव

(२) कार्यकारी समितिको बैठकको सञ्चालन र व्यवस्थापन देहायबमोजिम हुनेछः-

(क) अध्यक्षको निर्देशनमा सदस्य—सचिवले समितिको वैठक बोलाउनेछ,

(ख) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(ग) कार्यकारी समितिले आफ्नो कार्यविधि आँफै तय गर्नेछ ।

८. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u>

(१) स्वयम्सेवक व्यवस्थापन कार्यलाई सहजीकरण गर्ने सम्बन्धमा कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) स्वयम्सेवक परिचालनका विषयक्षेत्रहरूको निर्धारण र स्वयम्सेवक परिचालनको मोडालिटी तयार गर्ने,

(ख) स्वयम्सेवकको कार्यशर्त निर्धारण गर्ने,

(ग) स्वयम्सेवक भर्ना, छनौट, सूचीकरणसम्बन्धी आधारहरू तर्जुमा गर्ने,

(घ) स्वयम्सेवकको नियुक्तिका लागि छनौट सूची स्वीकृत गर्ने,

(ङ) स्वयम्सेवकको कार्यावधि निर्धारण र म्याद थपसम्बन्धी निर्णय गर्ने,

(च) स्वयम्सेवकलाई दिइने पुरस्कार र सम्मानसम्बन्धी निर्णय गर्ने,

(छ) स्वयम्सेवक परिचालन सम्बन्धमा अन्य आवश्यक निर्णय गर्ने ।

९. <u>राष्ट्रिय स्वयमसेवक सेवाको कार्यालय र कार्यक्षेत्रः</u>

(१) सामाजिक विकास मन्त्रालयको एक महाशाखालाई नै राष्ट्रिय विकास स्वयम्सेवक सेवा कार्यालयका रूपमा जिम्मेवारी दिइनेछ ।

(२) स्वयम्सेवक परिचालन एवम् स्वयम्सेवाको प्रबर्द्धन गर्ने सन्दर्भमा राष्ट्रिय स्वयम्सेवक सेवाकोकार्य क्षेत्र देहायबमोजिम रहनेछः-

(क) स्वयम्सेवक परिचालन, क्षमता विकास र अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ख) स्वयम्सेवाको प्रबर्द्धनका लागि सहकार्य र सञ्जालीकरण तथा सूचना व्यवस्थापन गर्ने,

(ग) स्वयम् सेवा र समसामयिक विषयमा कार्यकारी समितिको स्वीकृती लिई अध्ययन-अनुसन्धान गर्ने,

(घ) राष्ट्रिय स्वयम्सेवक सेवा हेर्ने महाशाखाले प्रदेश नं. ५ भित्र स्वयम्सेवी क्रियाकलाप सञ्चालन गर्ने निकाय तथा संघ संस्थाहरूको सम्पर्क विन्दुको रुपमा कार्य गर्नेछ ।

(३) राष्ट्रिय स्वयम्सेवक सेवाले स्वयम्सेवक परिचालन वा स्वयम्सेवाको प्रबर्द्धन कार्यका लागि समान कार्यप्रकृति भएका संघ-संस्थाहरूसँग सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद—४

## दरबन्दी संरचना, छनौट, नियुक्ति र पदस्थापन

**१०. दरबन्दीको व्यवस्थाः**

(१) राष्ट्रिय स्वयम्सेवक सेवाअन्तर्गत परिचालन हुने स्वयम्सेवकको कूल दरबन्दी निर्देशक समितिले प्रदेश वा स्थानीय तहका लागि विनियोजित बजेट समेतका आधारमा निर्धारण गर्नेछ ।

(२) स्वयम्सेवक परिचालन गरिने दरबन्दी थप गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्नेछ ।

**११. स्वयमसेवकको लागि माग संकलनः**

(१) राष्ट्रिय स्वयम्सेवक सेवा कार्यालयले आफूमार्फत परिचालन गरिने स्वयम्सेवकहरूको विषयक्षेत्र पद समेत खुलाई स्वयम्सेवक परिचालन गर्ने निकायहरूबाट समय-समयमा माग संकलन गर्नेछ ।

**१२. स्वयमसेवकको आवेदनसम्बन्धी व्यवस्थाः**

(१) राष्ट्रिय स्वयम्सेवक सेवाअन्तर्गत स्वयम्सेवक भई कार्य गर्न चाहने व्यक्तिहरूका लागि तोकिएको विषयक्षेत्र र पदमा आवेदन दिन सक्ने व्यवस्था गरिनेछ ।

**१३. आवेदकको सूचीकरणः**

(१) राष्ट्रिय स्वयम्सेवक सेवाअन्तर्गत स्वयम्सेवकको रुपमा काम गर्न इच्छुक व्यक्तिलाई सम्बन्धित पदको लागि प्रमाणित योग्यता सहित सूचीकृत गरिनेछ । सामान्यतया सूचीकरण प्रक्रिया देहायबमोजिम हुनेछः-

(क) आवेदकले सूचीकरणका लागि जुनसुकै बेला अनलाइनमार्फत् सुचीकृत हुन सक्नेछ,

(ख) एक पटक सूचीकृत भइसकेपछि दुई वर्षसम्म आवेदनको वैधता रहनेछ र सो पश्चात् इच्छुक आवेदकले पुनः सूचीकृत हुनुपर्नेछ,

(ग) सूचीकरणका लागि समय-समयमा सार्वजनिक सूचनामार्फत् जानकारी गराइनेछ,

(घ) प्राप्त आवेदनहरू छानबिन वा रुजु गरी सो उपर स्वीकृति वा अस्वीकृतिको निर्णय हुनेछ,

(ङ) स्वीकृत आवेदनहरूका विषयक्षेत्रगत वा पदगत वा योग्यता क्रममा विवरण तयार गरिनेछ,

(च) स्वीकृत आवेदनको आधारमा आवेदकलाई सम्बन्धित जिल्लामा सूचीकृत गरिनेछ,

(छ) जिल्लागत सूची तयारी गर्दा नागरिकताको स्थायी ठेगानालाई आधार मानिनेछ,

(ज) बसाइसराइ र वैवाहिक सम्बन्धको हकमा सोही अनुसार हुनेछ ।

१४. <u>स्वयमसेवक हुने योग्यताः</u>

(१) राष्ट्रिय विकास स्वयम्सेवक सेवाअन्तर्गत परिचालन गरिने स्वयम्सेवकहरुको योग्यता देहायबमोजिम हुनेछः-

(क) नेपाली नागरिक भएको,

(क) स्वयम्सेवकभई कार्य गर्न उमेरको हदबन्दी लाग्ने छैन,

(ख) सम्बन्धित आवेदकले तोकिएको विषयक्षेत्र वा पदका लागि आबश्यक शैक्षिक योग्यता मान्यता प्राप्त शैक्षिक संस्थाबाट हासिल गरेको हुनुपर्नेछ ।

१५. <u>स्वयम् सेवक छनौट तथा परिचालनः</u>

(१) राष्ट्रिय स्वयमसेवक सेवाअन्तर्गत परिचालन हुने स्वयम्सेवकहरूको छनौट देहायबमोजिमका आधारहरूमध्ये निर्देशक समितिले सम्बन्धित बिषय

क्षेत्रमा स्वयम् सेवकको आबश्यकता, उपलब्धता एवम् आचित्यता समेत हेरी निर्णय गरे अनुसार हुनेछः-

(क) राष्ट्रिय स्वयम्सेवकसेवामा प्राप्त आवेदनहरुलाई सम्बन्धित विषयक्षेत्रको सम्बन्धित पदका उम्मेदवारहरुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको प्राप्ताङ्क प्रतिशतको योग्यताक्रमका आधारमा, वा

स्वयम्सेवक नियुक्तिका लागि आबेदन गर्ने व्यक्तिहरुका लागि संचालन गरिने लिखित तथा मौखिक परिक्षा दुबै वा अन्तर्वार्ता मात्रै लिइ सोको योग्यताक्रमका आधारमा ।

(ख) स्वयम्सेवक नियुक्ति गर्दा सामाजिक समूह, भौगोलिक क्षेत्र र अपांगताका जस्ता समावेशीताका पक्षहरुलाइ समेत ध्यान दिइनेछ ।

(ग) स्वयम्सेवाको कार्य प्रकृतिका आधारमा विपद् व्यवस्थापन, घोषित शहीद वा वेपत्ता परिवार, अत्यावश्यक ठानी स्थानीय तहबाट सिफारिस भइआएको क्षेत्र, अल्पसङ्ख्यक वा लोपोन्मुख वा सीमान्तकृत जातजातिको प्रतिनिधित्व गराउनका लागि रोष्टरमा सूचीकृतमध्येबाट कार्यकारी समितिले अन्य आधारहरु तोकी सोको आधारमा ।

१६. <u>स्वयमसेवकको नियुक्तिः</u>

(१) राष्ट्रिय स्वयम्सेवक सेवाअन्तर्गत परिचालित हुने स्वयम्सेवकहरूको नियुक्ति प्रक्रिया देहायबमोजिम हुनेछः-

(क) कार्यकारी समितिले प्रदेश तथा निर्देशक समितिको निर्णयवमोजिम जिल्लागत दरबन्दी अनुसार स्वयम्सेवकहरुको नियुक्तिको निर्णय गर्नेछ,

(ख) नियुक्त भएका स्वयम्सेवकहरुलाई प्रदेशअन्तर्गतका निकाय तथा कार्यालयहरू र प्रदेशभित्रका जिल्लाका स्थानीय तहमा कार्यरत रहने गरी खटाउनेछ,

(ग) स्वयम्सेवकहरुलाई नियुक्ति दिएपछि सामान्य अभिमुखीकरण दिइ काममा खटाइनेछ,

(घ) सम्बन्धित निकायलाई नियुक्तिपत्रको बोधार्थ र छुट्टै स्वयम्सेवक खटाइएको पत्रपठाइनेछ,

(ङ) नियुक्तिका मितिले १५ दिन भित्र नियुक्तिपत्र नबुझे स्वतः रद्द हुनेछ र सो स्थानमा अर्को उम्मेदवार नियुक्त गरिनेछ,

(च) एक कार्यावधि अर्थात् दुई वर्षको अवधि पूरा गरिसकेका स्वयम्सेवकहरूलाइ पुनः नियुक्ति गरिने छैन,

(छ) कार्यावधि पूरा नभई सेवा छाडेका व्यक्तिले पुनः नियुक्त हुन चाहेमा बाँकी अवधिका लागि मात्र नियुक्त गरिनेछ,

(ज) नियुक्त भई न्यूनतम ६ महिना काम गरे पश्चात् मात्र अनुभवको प्रमाणपत्र दिइनेछ ।

## १७. स्वयम् सेवकहरूको पदस्थापनः

(१) राष्ट्रिय स्वयम्सेवक सेवाअन्तर्गत परिचालन गरिने स्वयम्सेवकहरुको पदस्थापन देहायबमोजिम हुनेछः-

(क) खटिई आएका स्वयम्सेवकलाई प्रदेश सरकार अन्तर्गतका निकाय तथा कार्यालय र सम्बन्धित स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा पदस्थापन गरी काममा लगाउनु पर्नेछ,

(ख) पदस्थापन अनुरुप स्वयम्सेवकले नियुक्तिपत्र बुझेको मितिले ७ दिनभित्र सम्बन्धित निकाय वा कार्यालय वा स्थानीय तहमा गइ तोकिएको जिम्मेवारी अनुसार कार्य गर्नुपर्नेछ ।

## १८. स्वयम्सेवकको अवकाशः

(१) कार्यकारी समितिले स्वयम्सेवकलाई देहायबमोजिमको अवस्थामा अवकाश दिन सक्नेछः-

(क) दुई वर्षको कार्य अवधि पूरा भएमा,

(ख) खटाएको कार्यस्थलमा समयमा र नियमित रुपमा हाजिर नभएमा,

(ग) सन्तोषजनक रूपमा कार्यसम्पादन नगरेमा,

(घ) खराब आचरण प्रदर्शन गरेमा,

(ङ) खटिएको कार्यालयले कारण खुलाई अवकाश दिने सिफारिस गरेमा ।

## परिच्छेद—६

## सेवाशर्त र सुविधा

**२०. स्वयमसेवकको सेवा शर्तः**

(१) स्वयम्सेवकको अधिकतम सेवा अबधि दुई बर्षको हुनेछ ।

(२) कार्यकारी समितिले कार्य प्रकृतिका आधारमा उपदफा (१) को अबधिमा नबढ्ने गरी निश्चित अबधिका लागि नियुक्त गर्न र म्याद थप गर्न सक्नेछ ।

**२१. स्वयमसेवकलाई दिइने सुविधाः**

(१) स्वयम्सेवकलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिइ निर्देशक समितिले समय-समयमा निर्धारण गरे बमोजिम मासिक निर्वाह भत्ता तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

(२) स्वयम्सेवकको मासिक निर्वाह भत्ता लगायतको सुविधा सामाजिक विकास मन्त्रालयले सम्बन्धित निकाय वा कार्यालय वा स्थानीय तहमा पठाउनेछ ।

**२२. स्वयमसेवकका लागि विदाको व्यवस्थाः**

(१) स्वयम्सेवकलाई देहायबमोजिमका विदाहरूको सुविधा रहनेछः-

(क) घर विदाः- रुजु हाजिरीको आधारमा १२ दिन काम गरेपछि १ दिन घर विदा,

(ख) बिरामी विदाः- रुजु हाजिरीको आधारमा प्रत्येक महिनामा १ दिन बिरामी विदा,

(ग) प्रसुति विदाः- सुत्केरी हुनु भन्दा अघि र पछि गरेर जम्मा ९८ दिन (महिला स्वयंसेवकको हकमा मात्र) प्रसुति विदा दिइनेछ । यो सुविधा २ वर्षको अवधिमा १ पटक मात्र दिइनेछ ।

(घ) किरिया विदाः- आफ्नो रीत र परम्परा अनुसार बढीमा १५ दिन किरिया विदा,

(ङ) बे–निर्वाह भत्ता विदाः- स्वयम्सेवकले कुनै कारणवश आफ्नो कार्य क्षेत्रमा उपस्थित हुन नसकी विदा माग गरेमा र निजको अन्य विदा संचित नभएमा स्वयंसेवकको तत्कालीन विशेष परिस्थितिलाई विचार गरी एकै पटक वा पटक–पटक गरी बढीमा ३० दिनसम्मको निर्वाह भत्ता नदिने गरी दिइने विदा,

(२) विदाको स्वीकृतिः स्वयम्सेवकको विदाको स्वीकृति राष्ट्रिय विकास स्वयम्सेवकसेवा कार्यकारी समितिका सदस्य सचिव वा सम्बन्धित कार्यालयको प्रमुखबाट हुनेछ । उपदफा १ को (ङ) वमोजिम निर्वाह भत्ता नदिने बिदाको स्वीकृती उक्त समितिका सदस्य सचिवबाट हुनेछ ।

(३) स्वयम्सेवकले पाउने घर विदा र विरामी विदा संचित गरे वापत कुनै थप सुविधा पाइने छैन

(४) एक आर्थिक वर्ष भित्र पाउने विदा सोही आर्थिक वर्ष भित्रमा उपभोग गरिसक्नु पर्नेछ ।

## परिच्छेद—७

## विविध

### २३. स्वयमसेवकको आचरणः

(१) राष्ट्रिय विकास स्वयम्सेवक सेवाअन्तर्गत परिचालित स्वयम्सेवकको कार्य एवम् जिम्मेवारीलाई मर्यादित एवम् परिणाममुखी बनाउने उद्देश्यले स्वयम्सेवकले अनिवार्य रुपमा पालना गर्नुपर्ने आचरणहरू देहायबमोजिम रहनेछन्:-

(क) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्नुपर्ने,

(ख) सार्वजनिक र अन्य निकायहरूको काम कारवाहीमा हस्तक्षेप गर्न नहुने,

(ग) सामाजिक सद्भाव र शान्ति व्यवस्थामा खलल् पुऱ्याउने काम गर्न नहुने,

(घ) दलगत आस्था र सम्वद्धता राख्न नहुने,

(ङ) नेपाल सरकार वा प्रदेश सरकारको विद्यमान नीतिको प्रतिकूल हुनेगरी व्यवहार गर्न नहुने ।

### २४. निःशुल्क स्वयम् सेवाः

(१) निःशुल्क स्वयम्सेवा गर्न चाहने व्यक्ति संघ-संस्थाहरूलाई आशयपत्र लिई स्वयम्सेवकका रुपमा खटाउन सक्नेछ ।

## २५. बिशेष परिस्थितिमा स्वयम्सेवकको परिचालनः

(१) कुनै सरकारी निकायबाट विशेष परिस्थितिमा छोटो अवधिका लागि स्वयम्सेवकको माग भइआएमा कार्यकारी समितिले रोष्टरमा रहेका सम्बन्धित विषयका आवेदकमध्येबाट बढीमा तीन महिनासम्मका लागि स्वयम्सेवकहरु नियुक्ती गरी काममा लगाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको परिस्थितिमा स्वीकृत बार्षिक वजेट भित्र रही निर्देशक समितिको स्वीकृतिमा कूल दरबन्दीमा थप समेत हुनेगरी कार्यकारी समितिले स्वयम्सेवकनियुक्ती गर्न सक्नेछ ।

## २६. अनुगमन तथा प्रतिवेदनसम्बन्धी व्यवस्थाः

(१) स्वयम्सेवकको अनुगमन तथा प्रतिवेदनसम्बन्धी व्यवस्था देहायबमोजिम रहनेछः-

(क) स्वयम्सेवकले गरेको कार्यहरूको अनुगमन स्वयम्सेवक परिचालन गर्ने निकायकाबाट गरिनेछ,

(ख) स्वयम्सेवकहरूले गरेका कार्यको अनुगमन भए वा नभएको विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालयबाट आवश्यकता अनुरुप स्वयम् वा तेस्रो पक्ष संलग्न गराई स्थलगत अनुगमन गरिनेछ,

(ग) स्वयम्सेवक परिचालन गर्ने निकायबाट चौमासिक रुपमा अनुगमन प्रतिवेदन सामाजिक विकास

मन्त्रालयअन्तर्गत राष्ट्रिय स्वयम्सेवक सेवासम्बन्धी कार्य हेर्ने महाशाखामा पठाउनु पर्नेछ,

(घ) राष्ट्रिय स्वयम्सेवक सेवा अन्तर्गत परिचालित स्वयम्सेवकले पेश गरेको प्रतिवेदनको आधारमा प्रत्येक आर्थिक वर्षमा सामाजिक विकास मन्त्रालयले स्वयम्सेवकको चौमासिक तथा वार्षिक कार्य प्रगति प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्नेछ ।

२७. <u>कार्यविधिको पालना</u>:

(१) यस कार्यविधिको पालना गर्नु प्रदेश सरकार अन्तर्गतका सबै निकाय तथा कार्यालयहरू तथा कर्मचारीहरूको कर्तव्य हुनेछ । यस कार्यविधि अनुरूप स्थानीय तहहरूमा स्वयम्सेवक परिचालन गरिएको अवस्थामा सम्बद्ध स्थानीय तहहरूले पनि यस कार्यविधिको पालना गर्नुपर्नेछ ।

प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, रूपन्देही

नेपाल

---

फोन नं. :- ०७१-५५०६४६, ५५०६५०
Email :- info@mosd.p5.gov.np
Website :- www.mosd.p5.gov.np